"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७९/८०

च.नं. ३८८२

बिज्ञापन कर संकलनका लागि दरभाउपत्र आव्हानका सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१०/२६)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम दमक नगरपालिकाको आर्थिक ऐन, २०७९ अनुसार आ.व. २०७९/०८० को तल उल्लेख गरे बमोजिमको अवधिका लागि बिज्ञापन कर संकलन गर्न १५ (पन्ध्र) दिने शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ। ईच्छुक फर्म, कम्पनीहरुले तपशिलमा उल्लेखित सेवा शर्तका अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना गरिएको छ।

**तपसिल**

दरभाउपत्र नं. DMK/JHPA/ADV/20/2079/80

| बिवरण | न्यूनतम ठेक्का अंक बार्षिक (मु.अ.कर बाहेक) रु. | जमानत | दरभाउपत्र पत्र दस्तुर | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मिति र स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| बिज्ञापन कर संकलन | ५,५७,८३२/- | धरौटी ५% | रु.१०००/- | प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्म | दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२:०० बजे सम्म स्थान-दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय | |

शर्तहरु :-

१. दरभाउपत्र पेश गर्दा फर्म वा कम्पनीले मु.अ.कर दर्ता प्रमाण पत्र, स्थानीय स्तरको भए व्यवसाय दर्ता प्रमाण पत्र र सम्वन्धित निकायमा दर्ता भएको कागजातहरु सहित निर्धारीत दरभाउपत्र फारम भरी तोकिएको समय सीमा भित्र बुझाई सक्नु पर्नेछ।

२. पेश भएका शिलवन्दी दरभाउपत्रहरु तोकिएको समयमा खोलिने छ। सो दिन बिदा परेमा सो को भोलीपल्ट सोही समयमा खोलिने छ। दरभाउपत्र खोल्दा दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित हुनु पर्नेछ। दरभाउपत्रदाताको तर्फवाट उपस्थित नभएका कारणले दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र फारममा अंक र अक्षरमा स्पष्ट गरी भर्नु पर्नेछ। अंक र अक्षेरमा फरक परेमा अक्षेरमा लेखिएकोलाई मान्यता दिईनेछ। दरभाउपत्र फारममा केरमेट गरी सच्याईएको भए दरभाउपत्रदाताले सहीछाप गरेको हुनु पर्नेछ।

४. दमक नगरपालिका क्षेत्र भित्र रहेका र राखिने बिज्ञापन प्रयोजनका सामाग्रीहरुमा दमक नगरपालिकाको आर्थिक ऐन, २०७९ मा उल्लेख गरे बमोजिमको दररेट बमोजिम बिज्ञापन कर संकलन गर्नु पर्नेछ। बिज्ञापन कर आ.व.२०७९/०८० मा चैत्र १ गतेदेखि २०८० असार मसान्त अवधिभरको लागि मात्र संकलन कार्य गर्न पाईने छ। तोकिएको कर वाहेक अन्य कुनै किसिमको कर दस्तुर, सेवा शुल्क लिन पाईने छैन।

शेरा राई

प्रमुख प्रशासकीय अधिकृत

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

५. सम्वन्धित निकायहरुवाट अनुगमन गर्दा अनाधिकृत रकम असुल गरेको प्रमाणित भएमा नियमानुसार कारवाही गरिनेछ ।

६. बिज्ञापक कर संकलन गर्दा प्रयोग गर्ने रसिदमा यस कार्यालयको छाप लगाएको रसिदमात्र प्रयोग गर्न पाईने छ ।

७. दरभाउपत्र फारम पेश गर्दा कवोल गरेको अंकको ५% रकम जमानत स्वरुप यस कार्यालयको राष्ट्रिय बाणिज्य बैक, दमकमा रहेको खाताः नं. २१४०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयका नाउँमा जारी गरेको १२० (एक सय वीस) दिनसम्म म्याद भएको बिडवण्ड दरभाउपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्रदाताले खामको बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना र दरभाउपत्रको नाम स्पष्ट रुपमा लेख्नु पर्नेछ ।

९. दरभाउपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा उक्त कार्य सो को कमश भोलीपल्ट हुनेछ ।

१०. शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका शिलवन्दी दरभाउपत्र माथि करवाही हुने छैन ।

११. ठेक्का सम्वन्धमा कुनै समस्या सृजना भएमा वा कार्यालय र ठेकेदार वीच कुनै असमझदारी भएमा दमक नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु दरभाउपत्रदाताको कर्तव्य हुनेछ ।

१२. दरभाउपत्रदाताले आफुले कवोल गरे बमोजिमको ठेक्काको रकम र सो को मु.अ.कर सम्झौता गर्नु पूर्व एकमुष्ठ बुझाउनु पर्नेछ ।

१३. ठेक्का अवधि आ.व. २०७९/०८० मा २०७९ चैत्र १ गते देखि २०८० असार मसान्तसम्मका लागि हुनेछ ।

१४. माथि उल्लेखित शर्तहरु वाहेकको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०७४, दमक नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, दमक नगरपालिकाको आर्थिक ऐन, २०७९, १ नं. प्रदेशको आर्थिक ऐन, २०७९ तथा दमक नगरपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् । ठेक्का सम्बन्धी अन्य शर्त तथा प्रकाशित सूचनामा उल्लेख गरिएको छ ।

१५. यस सम्वन्धमा थप बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

..........................

शशि राई

प्रमुख प्रशासकिय अधिकृत